# फिलेमोनलाई पावलको पत्र

ख्रीष्ट येशूको एक कैदी पावल र हाम्रो भाइ तिमोथीबाट

हाम्रा प्रिय बन्धु तथा सहकर्मी फिलेमोनलाई अभिवादन। २साथै हाम्री बहिनी अप्पियालाई, सहकर्मी अर्खिप्पसलाई र तिम्रा घरमा भेला हुने मण्डलीलाई पनि!

३परमेश्‍वर हाम्रा पिता अनि प्रभु येशू ख्रीष्टबाट अनुग्रह अनि शान्ति तिमीहरू साथ रहोस्।

### फिलेमोनको प्रेम र विश्‍वास

४आफ्नो प्रार्थनामा म तिमीलाई सम्झन्छु र तिम्रो निम्ति म सधैं मेरो परमेश्‍वरलाई धन्यवाद चढ़ाउँछु। ५परमेश्‍वरका पवित्र मानिसहरू प्रति तिम्रो प्रेम र प्रभु येशूमा तिम्रो विश्‍वासको कुरा म सुन्छु। ६म प्रार्थना गर्छु कि तिमीले हामीसित सहभोग गरेको विश्‍वासले ख्रीष्टमा भएको हाम्रा हरेक असल कुरो गहनपूर्वक बुझ्नमा तिमीलाई सहायता दिनेछ। ७मेरा भाइ! तिमीले परमेश्‍वरका मानिसहरूलाई प्रेम गर्‍यौ अनि तिनीहरूलाई प्रफुल्लित तुल्यायौ। यसले मलाई आनन्द अनि सुविस्था प्रदान गरेको छ।

### ओनेसिमसलाई एक भाइको रूपमा स्वीकार गर

८तिमीले केही गर्नु छ। ख्रीष्ट प्रति भएको मेरो अधिकारको कारणले म तिमीलाई यसो गर भन्न सक्छु। ९तर मैले तिमीलाई आदेश दिएको होइन, केवल प्रेमको नाउँमा म तिमीलाई निवेदन गर्दछु। म पावल हुँ अनि अहिले म बृद्ध मानिस हुँ अनि ख्रीष्ट येशूको लागि बन्दी छु। १०म मेरो छोरो ओनेसिमसको बारेमा निवेदन गरिरहेछु। म कारागारमा छँदा उ मेरो छोरो बन्यो। ११बितेका दिनहरूमा उ तिम्रो लागि विकामे थियो। तर वर्त्तमान समयमा तिमी र म दुवैको लागि उ उपयोगी व्यक्ति भएको छ।

१२म उसलाई फेरि तिमीकहाँ मेरो हृदयसितै पठाउँदैछु। १३म कारागारमा रहेको बेला मलाई सहायता गर्नका निम्ति म आफै उसलाई यहाँ सुसमाचारको निम्ति राख्न चाहन्थें। मलाई सहायता गरेर उसले तिम्रो सेवा गर्ने थियो। १४तर तिम्रो सम्मति नलिई म केही गर्न चाहँदिन। त्यसो हुँदा तिमीले मेरो निम्ति गर्ने असल कार्य तिमीले स्वयं गर्न चाहेको हुनेछौ अनि मैले कर लाएको हुने छैन।

१५ओनेसिमस तिमीसित केही समयको लागि छुट्टिएको थियो। यसो भएको हुन सक्छ कि त्यसलाई तिमीले सदाको निम्ति फिर्ता पाउने छौ। १६अझ एक दासको रूपमा होइन, तर दास भन्दा अधिक अनि एक प्रिय भाइको रूपमा ग्रहण गर। म उसलाई खुबै माया गर्छु। तर तिमीले उसलाई अझ बेसी माया गर्ने छौ। तिमीले उसलाई एउटा व्यक्तिको रूपमा अनि प्रभुमा भाइको रूपमा पनि माया गर्ने छौ।

१७यसर्थ यदि मलाई साथी भनेर स्वागत गर्छौ भने ओनेसिमसलाई पनि स्वागत गर। मलाई स्वीकार गरे जस्तै उसलाई स्वीकार गर। १८ओनेसिमसले तिमीसित केही भूल गरेछ भने मलाई दोष्याऊ। यदि उसले केही तिर्नु परे मलाई तिर्न लगाऊ। १९म पावल हुँ। यो म मेरो आफ्नै हातले लेख्दैछु। यदि ओनेसिमसले केही बाँकी तिर्नु छ भने त्यो म तिर्छु। आफ्नो जीवनको लागि तिमी मेरो कति ऋणी छौ त्यस बारे म केही भन्न चाहँदिन। २०हो, मेरा भाइ, प्रभुका निम्ति मेरो लागि केही गरिदेऊ। ख्रीष्टमा मेरो हृदय शान्त गराऊ। २१तिमीले मेरो आशा पुरा गर्ने छौ भन्ने पूर्ण विश्‍वासमा म यो पत्र लेख्दैछु। म जान्दछु तिमीले मैले भनेको भन्दा अधिक गर्नेछौ।

२२दया गरी मलाई बस्नको लागि एउटा कोठा को व्यवस्था गरीदेऊ। म आशा गर्छु कि परमेश्‍वरले तिम्रो प्रार्थना सुन्नेछन् अनि म तिमी कहाँ आउन सक्ने छु।

